# भद्रपुर नगरपालिका

## स्थानीय राजपत्र

कोशी प्रदेश झापा नेपाल

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ७ भद्रपुर, फाल्गुण २१ गते, २०८० साल, संख्या ८

भाग १

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको कार्यबिधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**"भद्रपुर नगरपालिकाको**
**कला, साहित्य तथा संगित प्रज्ञा प्रतिष्ठान संचालन ऐन, २०८०"**

*स्वीकृत मिति २०८०/११/२३*

*प्रमाणीकरण मिति २०८०/११/२४*

**"भद्रपुर नगरपालिकाको**
**कला, साहित्य तथा संगित प्रज्ञा प्रतिष्ठान संचालन ऐन, २०८०"**

प्रस्तावना :

वहुजातीय, वहुभाषिक, वहुसांस्कृतिक तथा धार्मिक हाम्रो समाजलाई एकतावद्ध बनाई राख्न र सामाजिक विविधताका बीच आत्मीय सम्बन्ध बनाई राख्ने महत्वपूर्ण औजार भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान, प्रविधिको समुचित उत्थान, विकास र प्रचारप्रसार गर्ने अभिप्रायले भद्रपुर नगरपालिकाको मातहतमा रहने गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) फ (१) बमोजिम भद्रपुर नगरपालिकाले "भद्रपुर नगरपालिकाको कला साहित्य तथा संगीत प्रज्ञा प्रतिष्ठान संचालन ऐन २०८०" बनाइ लागु गरेको छ।

**परिच्छेद १**
**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ: १) यस ऐनको नाम "भद्रपुर नगरपालिकाको कला, साहित्य तथा संगित प्रज्ञा प्रतिष्ठान संचालन ऐन, २०८०" रहेको छ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "नगरपालिका" भन्नाले भद्रपुर नगरपालिकालाई सम्झनु पर्दछ।
ख) "प्रमुख" भन्नाले भद्रपुर नगरपालिका प्रमुखलाई सम्झनु पर्दछ।
ग) "उप-प्रमुख" भन्नाले भद्रपुर नगरपालिका उप-प्रमुखलाई सम्झनु पर्दछ।
घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भद्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।
ङ) "कार्य समिति" भन्नाले दफा ११ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।
च) "परिषद्" भन्नाले दफा ७ बमोजिम गठित परिषद् सम्झनु पर्दछ।
छ) "प्रतिष्ठान" भन्नाले "भद्रपुर नगरपालिकाको कला, साहित्य तथा संगित प्रज्ञाप्रतिष्ठान सम्झनु पर्दछ।
ज) "भाषा" भन्नाले नेपाली भाषा लगायत नेपाल तथा भद्रपुर नगरपालिकाभित्र बोलिने सम्पूर्ण राष्ट्र भाषालाई सम्झनु पर्दछ।
झ) "कला" भन्नाले अभिनय कला, चित्रकला, मूर्तिकला (प्रस्तरकला), लोककला, हस्तकला, शिल्पकला, बास्तुकला, ललितकला, लगायतका सृजनालाई सम्झनु पर्दछ।
ञ) "साहित्य" भन्नाले राष्ट्रका हरेक भाषाका गद्यपद्यमा सृजित विविध विधा, श्रव्य, दृष्य, लिखित एवं मौखिकलोकवार्ता समेतलाई सम्झनु पर्दछ।
ट) "संस्कृति" भन्नाले नेपाली संस्कृतिका विविध पक्षलाई सम्झनु पर्दछ
ठ) "अध्यक्ष" भन्नाले प्रतिष्ठानको अध्यक्ष सम्झनु पर्दछ।
ड) "संगीत" भन्नाले सुर र तालको संयोजनलाई सम्झनु पर्दछ।
ढ) "उपाध्यक्ष" भन्नाले प्रतिष्ठानको उपाध्यक्ष सम्झनु पर्दछ।
ण) "सचिव" भन्नेले प्रतिष्ठानको सदस्य सचिव सम्झनु पर्दछ।
त) "पदाधिकारी" भन्नाले प्रतिष्ठानका अध्यक्ष, उपाध्यक्ष र सचिबलाई सम्झनु पर्दछ।

थ) "तोकिएका वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका मापदण्ड र कायविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद २
## प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. प्रतिष्ठानको स्थापना : १) नगरपालिका क्षेत्रभित्रका वौद्धिक सम्पत्ति, भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान र प्रविधिको संरक्षण, सम्बर्द्धन, प्रोत्साहन तथा विकास गर्न आवश्यक भएकाले यस ऐनमा व्यवस्था भए बमोजिम प्रतिष्ठानको स्थापना हुनेछ ।
२) प्रतिष्ठानको कार्यालय भद्रपुर नगरपालिकामा रहने छ ।
३) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला संस्था हुनेछ ।
४) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै व्यवस्था गर्न कार्यपालिकाले सिफारिस गरे बमोजिम हुनेछ,
५) प्रतिष्ठानको आफ्नै छाप र चिन्ह हुनेछ ।
**४. प्रतिष्ठानको काम, कर्तव्य र अधिकार** : १) प्रतिष्ठानका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्
(क) प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,
(ख) भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान र प्रविधिको संकलन, संरक्षण, सम्बर्द्धन तथा अध्ययन अनुसन्धान गर्ने, गराउने ।
(ग) प्रतिष्ठानका क्षेत्राधिकार भित्रका अनुसन्धानात्मक तथा मौलिक कृति संकलन सृजना तथा प्रकाशन गर्ने,
(घ) बौद्धिक बैंक, ग्यालेरी तथा संग्रहालय स्थापना र तोकिए बमोजिम संचालन गर्ने,
(ङ) बौद्धिक बैंकमा जम्मा भएका बौद्धिक सम्पत्तिहरुको आधिकारिकताका लागि प्रचलित कानून बमोजिम गर्ने,
(च) खण्ड (ख),(ग) र (घ) का क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति र संस्थालाई तोकिए बमोजिम कदर, सम्मान, प्रोत्साहन तथा पुरस्कृत गर्ने,
(छ) भद्रपुर पुस्तकालय संचालन गर्ने र यसको संचालन प्रक्रिया तोकिए बमोजिम हुने ।
(च) खण्ड (ख) र (घ) को प्रयोजनका लागि अध्ययन अनुसन्धान गर्न विद्वत्बृत्तिको व्यवस्था गर्न सक्ने,
(छ) प्रशिक्षण तथा वौद्धिक विकासका कार्यक्रम गर्ने,
(ज) खण्ड (ख) र (घ) अनुसारका कार्यको माध्यमबाट स्थानीय तह, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रसित परिचित हुने र परिचित गराउने,
(ञ) सम्बन्धित विषयमा स्थानीय, प्रदेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा गोष्ठी, कार्यशाला, सम्मेलन, प्रदर्शनी, महोत्सव तथा प्रतियोगिता, अवलोकन एवम् सिर्जनात्मक भ्रमणको आयोजना गर्ने,
(ट) यसै अनुसारका अन्य संघसंस्थासँग नगरपालिकाको समन्वय र सिफारिसमा भाईचारा सम्बन्ध स्थापना र बिस्तार गर्ने तथा पारस्परिक सहयोग आदान प्रदान गर्ने,
(ठ) प्रतिष्ठानले नगरपालिकाको स्वीकृतिमा व्यक्ति सरह आफ्नो तर्फबाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि नालिस उजुर लाग्न सक्ने,

(ङ) प्रतिष्ठानले नगरपालिकाको स्वीकृतिमा व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्ने,

(ढ) कार्यपालिकाको निर्देशन पालना गर्ने ।

## परिच्छेद ३
## सांगठनिक स्वरुप र गठन प्रक्रिया

**५. प्रतिष्ठानको सांगठनिक स्वरुप** : प्रतिष्ठानको सांगठनिक स्वरुप देहाय बमोजिमको हुनेछ

क) परिषद्

ख) कार्यसमिति

**६. सिफारिस समितिको गठन** : १) प्रतिष्ठानको कार्यसमिति, परिषद्का पदाधिकारी र सदस्यहरूको मनोनयन गर्न देहाय बमोजिमको सिफारिस समिति गठन गरिने छ :-

(क) नगर प्रमुख - संयोजक

(ख) कार्यपालिकाले तोकेका कार्यपालिका सदस्यमध्येबाट ३ जना - सदस्य

(ग) भाषा, साहित्य, कला संस्कृति, ज्ञान, विज्ञान प्रविधिका क्षेत्रमा ख्याति प्राप्त व्यक्तिमध्ये नगर प्रमुखको सिफारिसमा कार्यपालिकाले तोकेको व्यक्ति १ जना - सदस्य

२) उपदफा (१) बमोजिमको समितिले सदस्यका लागि सिफारिस गर्दा सम्बन्धित क्षेत्रमा योगदान पुऱ्याएका र पुऱ्याउन सक्ने, साधनारत, ख्याति प्राप्त, उच्च नैतिकवान व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ ।

३) समितिले सिफारिस गर्दा समावेशितालाई समेत आधार लिनु पर्ने र कम्तिमा २५% सदस्य गठन प्रक्रिया सुरु हुनुभन्दा अघिको परिषद्का सदस्यहरूबाट गर्न सक्ने छ ।

४) सिफारिस समितिले कार्यसमितिका पदाधिकारी तथा सदस्यको मनोनयनका लागि देहाय बमोजिम सिफारिस गर्नु पर्नेछ ।

(क) अध्यक्षका लागि १ जना

(ख) उपाध्यक्षका लागि १ जना

(ग) सदस्य सचिबका लागि १ जना

(घ) कोषध्यक्षका लागि १ जना

ङ) कार्यसमिति सदस्यका लागि १३ जना

५) दफा ७(२) बमोजिम मनोनित परिषद सदस्यका लागि ६ जना ।

६) उपदफा (१) बमोजिमको समितिले परिषद्का पदाधिकारी र सदस्य पदमा मनोनयनका लागि सिफारिस गर्ने सम्बन्धी कार्यविधि आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

७) दफा ६. मा जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन पारित हुनुभन्दा अगावै कला साहित्य संगित प्रतिष्ठान गठन भई कार्यरत भएमा यसै बमोजिम भएको मानिने छ ।

**७. परिषद्को गठन** : १) प्रतिष्ठानमा पदाधिकारी सहित बढीमा २३ जनाको परिषद् रहने छ

२) उपदफा (१) बमोजिमको परिषद्मा जातजाति, भाषाभाषी, साहित्य, कला, संस्कृति, विज्ञान प्रविधि एवम् महिला समेतको प्रतिनिधित्व हुने गरी ६ जना सदस्यहरु नगर प्रमुखको सिफारिसमा कार्यपालिकाद्वारा मनोनयन गरिनेछ । जसमा महिला सदस्य २, आदिबासी जनजाति १, दलित १र अन्यबाट २ रहने छन् ।

३) कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव परिषदको पदेन अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव रहनेछन् र सदस्यहरु पदेन सदस्य रहनेछन् ।

४) परिषद्का पदाधिकारी र सदस्यहरूको पदावधि ३ बर्षको हुनेछ र पटक पटक गरी गठन भएमा सुरु गठनबाट अवधि गणना हुनेछ । विशेष परिस्थिति परी भद्रपुर नगरकार्यपालिकाले निर्णय गरेमा १ वर्षको अवधी थप गर्न सकिने छ ।
५) कुनै कारणले पदाधिकारी वा सदस्यको पद रिक्त हुनगएमा बाँकी अवधिको लागि कार्यपालिकाद्वारा मनोनित गरिने छ ।
६) कार्यसमिति र परिषद् सदस्यहरूको सेवा सुविधा तथा बैठक भत्ता कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

७) परिषदका सदस्य हुनका लागि चाहिने योग्यता :

(क) अध्यक्षको योग्यता :

- कम्तिमा २१ वर्ष उमेर पुरा भएको,
- भद्रपुर नगरपालिका स्थायी ठेगाना/बसोबास भएको,
- कला, साहित्य, संगीत, संस्कृति क्षेत्रमा कार्य गरेको,

(ख) उपाध्यक्ष, सचिव, कोषाध्यक्षहरुको योग्यता:

- कम्तिमा २१ वर्ष उमेर पुरा गरेको,
- भद्रपुर नगरपालिका स्थायी ठेगाना/बसोबास भएको,
- कला, साहित्य, संगीत , संस्कृति क्षेत्रमा कार्य गरेको,

(ग) सदस्य पदको योग्यता :

- कम्तिमा २१ वर्ष उमेर पुरा गरेको,
- भद्रपुर नगरपालिका स्थायी ठेगाना/बसोबास भएको,
- कला, साहित्य, संगीत, संस्कृति क्षेत्रमा कार्य गरेको,

**८. परिषद्को काम, कर्तव्य र अधिकार :(१)** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
क) नीति निर्धारण गर्ने,
ख) बार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,
ग) बार्षिक बजेट पारित गर्ने,
घ) लेखनबृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने,
ङ) कार्यसमितिलाई सुझाब र सहजीकरण गर्ने,
च) संस्थाको हितका अन्य कार्य गर्ने ।
**९. परिषद्को बैठक सम्बन्धी ब्यवस्था** : १) भद्रपुर नगरपालिकासँगको सहकार्यमा परिषद्को बैठक बर्षमा दुई पटक बस्ने छ ।
२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक बस्ने छ ।
३) बैठक बस्ने मिति, समय, स्थान एवम् छलफलका विषयवस्तु सहितको सूचना सदस्य सचिबले कम्तिमा ३ दिन अगावै विद्युतीय माध्यम वा पत्रद्वारा सदस्यहरूलाई दिनु पर्नेछ ।

४) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएमा सभाको बैठकका लागि गणपूरक संख्या पुगेको मानिने छ ।
५) बैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।
६) बैठकमा वहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ
७) परिषद् बैठकको निर्णय सदस्यसचिवले अध्यक्षबाट प्रमाणित गराई सुरक्षित राख्नु पर्नेछ ।
८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्छेद ४
## कार्य समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**१०. कार्य समितिको गठन** : १) प्रतिष्ठानको दैनिक कार्य संचालन गर्न परिषदका सदस्यहरु मध्ये नगरपालिकाले सिफारिस गरे बमोजिम देहाय बमोजिमको कार्य समिति रहने छ ।
(क) अध्यक्ष - १ जना
(ख) उपाध्यक्ष - १ जना
(ग) सदस्यसचिव - १ जना
(घ) सदस्य - १४ जना
२) कुनै कारणले पदाधिकारी वा सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि अर्को व्यक्तिलाई कार्यपालिकाद्वारा मनोनित गरिनेछ ।
**११. कार्य समितिको काम कर्तव्य र अधिकार** : १) कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
(क) परिषद्ले गरेको निर्णय र निर्देशन कार्यान्वयन गर्ने, गराउने ।
(ख) लेखा परीक्षणको प्रतिवेदन बैठकबाट पारित गराई सभा समक्ष पेस गर्ने,
(ग) सचिवले पेस गरेको बार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेस गर्ने,
(घ) प्रतिष्ठानको चलअचल सम्पत्तिको व्यवस्थापन, संचालन, संरक्षण र रेखदेख गर्ने गराउने,
(ङ) प्रतिष्ठानको कोषको व्यवस्था र संचालन गर्ने ,
(च) प्रतिष्ठानको काम करवाहीलाई व्यवस्थित बनाउनका लागि परिषद सदस्यहरुमध्येबाट साहित्य, कला, भाषा, जस्ता विभागको काम गर्न बढीमा ३ जनासम्म सदस्य रहने गरी छुट्टै उपसमिति बनाउन सकिनेछ ।
(छ) नगरपालिका र प्रतिष्ठानबाट तोकिए बमोजिमका अन्य काम गर्ने ।
**१२. अध्यक्षको काम, कर्तव्य र अधिकार :** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
क) परिषद् र कार्यसमितिको बैठकको अध्यक्षता गर्ने,
ख) परिषद् र कार्यसमितिले गरेका निर्णयको कार्यान्वयंन गर्ने गराउने
ग) प्रतिष्ठानको बार्षिक कार्यक्रम, बजेट, प्रतिबेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने
घ) भद्रपुर नगरपालिका, अन्यपालिका, संघ सस्था, समिति तथा उप समितिहरुसँग समन्वय र सहकार्य गर्ने,
ङ) कार्य समितिको स्वीकृतिलिई प्रतिष्ठानको तर्फबाट करार गर्ने,
च) नगरपालिकाको मातहतमा रहेर संघीय सरकार, प्रदेश सरकार तथा विदेशी संस्थासँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क गर्ने,

छ) उपाध्यक्ष वा सचिवहरुलाई बैठक बोलाउन निर्देशन दिने ।
ज) बैठकमा बराबरी मत भएमा निर्णायक मत दिने ।
झ) प्रतिष्ठानलाई चलायमान बनाउने ।

ञ) अन्य पदाधिकारी र सदस्यहरुलाई आवश्यकता अनुसार जिम्मेवारी तोक्ने ।

ट) आफू अनुपस्थित हुने भएमा कुनै एक उपाध्यक्षलाई निमित्त अध्यक्ष तोक्ने ।

ठ) अन्य परिच्छेद, दफा, उपदफा वा बैठकका निर्णयबाट अध्यक्षले गर्ने भनी तोकेका कामहरु गर्ने

ड) नगरकार्यपालिकाले प्रतिष्ठानको उद्देश्य अनुरुप दिएको जिम्मेवारीका कामहरु गर्ने

ढ) प्रतिष्ठानको कार्यकारी अध्यक्ष भई कार्य गर्ने ।

ण) प्रतिष्ठानका बैठकले गरेका निणर्य कार्यन्वयन गर्ने गर्न लगाउने,

त) वार्षिक बजेट कार्यक्रम तर्जुमा गर्ने/गर्न लगाउने ,

थ) प्रतिष्ठानको काम कारवाही तथा सदस्यहरुलाई कार्य लगाउने,

द) प्रतिष्ठानको वार्षिक प्रतिवेदन तयार गर्न लगाई नगर प्रमुख समक्ष पेश गर्ने,

ध) प्रतिष्ठानले आफ्नो काम कारवाही, सल्लाह, सुझाव सहितको आ.व. समाप्त भएको मितिले ३ महिनाभित्र वार्षिक प्रतिवेदन नगर प्रमुख समक्ष पेश गर्ने ।

न) प्रतिष्ठानले पेश गरेको वार्षिक प्रतिवेदन नगर प्रमुखले निर्देशक समिति समक्ष पेश गर्नेछ

प) निर्देशक समितिले वार्षिक प्रतिवेदनमाथि छलफल गरी कार्यपालिका समक्ष पेश गर्नेछ

ब) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१३. उपाध्यक्षको काम, कर्तव्य र अधिकार : उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले निमित्त दिएको एक उपाध्यक्षले बैठकको अध्यक्षता गर्ने । कुनै कारणवस निमित्त नदिएको अवस्थामा उमेरमा जेष्ठ उपाध्यक्षले निमित्त अध्यक्ष भई अध्यक्षको काम गर्ने ।

ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गरी सयोग पुर्याउने ।

ग) आ-आफ्ना क्षेत्रका उपाध्यक्षले आ-आफ्ना क्षेत्रको विकास, बृद्धि र उन्नयनका लागि आवश्यक योजना, कार्यक्रमलाई प्रतिष्ठानको बैठकमा पेश गर्ने र निर्णय भए अनुसार गर्ने गराउने ।

घ) अध्यक्षको निर्देशनमा अन्य काम गर्ने,

**१४. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :** सदस्य सचिबको काम, कर्तव्य र अधिकार देहाय बमोजम हुनेछ ।

क) अध्यक्षको अनुमतिमा बैठक वोलाउने,

ख) संस्थाको हिसाब किताब दुरुस्त राख्ने,

ग) संस्थाका निर्णयहरु सदस्यहरुलाई जानकारी गराउने,

घ) कार्यालय व्यवस्थापन गर्ने,

ङ) बैठकका निर्णयहरु कार्यन्वयन गर्ने, गराउने,

च) सम्पर्क व्यक्तिको रुपमा कामकाज गर्ने,

छ) अध्यक्ष तथा समितिले तोकेका कार्य गर्ने,

ज) संस्थाको सम्पूर्ण अभिलेख अध्यावधिक गर्ने ।

**१५.कोषाध्यक्ष काम कर्तव्य र अधिकार**

कोषको हरहिसाव राख्ने, राख्न लगाउने, कोषको बृद्धिमा आवश्यक योजना बनाई प्रतिष्ठानको बैठकको निर्णय अनुसार कार्यान्वयन गर्ने गराउने । तोकेका अन्य काम गर्ने ।

**१६. सदस्यहरुको काम, कर्तव्य र अधिकार** : सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजम हुनेछ,

क) बैठकमा उपस्थित भई छलफल र निर्णयमा सहभागी हुने ,

ख) नीति तथा कार्यक्रम निर्माण गर्ने कार्यमा सहयोग गर्ने,

ग) अध्यक्ष, उपाध्यक्ष तथा सचिवको कार्यमा सहयोग गर्ने,

घ) आफुलाई जिम्मा दिईएका अन्य कामहरु गर्ने,

**१७..सल्लाहकारहरु काम कर्तव्य र अधिकार**

बैठकमा उपस्थित भएका बेला सोही अनुसार र नभएका बेला पनि प्रतिष्ठानले मागेको सल्लाह दिने । प्रतिष्ठानको हितमा प्रत्यक्ष वा अप्रत्यक्ष ढंगले सल्लाह दिई सहयोग गर्ने ।

**१८. बैठक सम्बन्धी व्यवस्था** : (१) कला, साहित्य तथा संगीत प्रज्ञा प्रतिष्ठानको बैठक आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा समितिको तोकेको सचिवले बोलाउने छ । **बैठकको अध्यक्षता** प्रतिष्ठानको अध्यक्षले गर्नेछ । अध्यक्षता गर्ने व्यक्तिले **कार्यसूची** पेश गर्नेछ ।

(२) समितिको सचिवालय नगरपालिकाले तोकेको स्थानमा रहने छ ।

(३) प्रत्येक बैठकमा नगरपालिकाको निर्देशक समितिको उपस्थिति रहनेछ ।

(४) बैठक सम्बन्धी अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

(५) बैठकमा उपस्थित पदाधिकारी, सदस्य, आमन्त्रित सदस्य, निर्देशक समितिका संयोजक र सदस्यहरु, तथा सल्लाहकारहरुलाई नगरपालिकाको निणर्य अनुसारको यातायात खर्च प्रदान गर्न बाधा पर्ने छैन ।

(६) यस प्रतिष्ठानले संचालन गर्ने विभिन्न काम र कार्यक्रमहरुका लागि आवश्यक परेमा विभिन्न समिति वा उपसमिति गठन गर्न सक्ने छ । त्यसरी गठन गरेका समिति वा उपसमितिले प्रतिष्ठानले दिएको जिम्मेवारी पुरा गर्नु पर्ने छ । दिएको जिम्मेवारी सकिएपछि त्यस्ता समिति वा उपसमिति स्वतः विगठन हुनेछन् ।

(७) प्रतिष्ठानका पदाधिकारी, सदस्यहरु र सल्लाहकारहरुलाई प्रतिष्ठानको अध्यक्षले प्रमाणीत गरी प्रतिष्ठानकातर्फबाट परिचयपत्र प्रदान गर्न सक्नेछ ।

## परिच्छेद -५
## पद रिक्त र समिति विघटन सम्बन्धी व्यवस्था

**१९. पद रिक्त हुने अवस्था** : देहायको अवस्थामा पदाधिकारी वा सदस्यहरुको पद रिक्त हुनेछ,

क) पदावधि समाप्त भएमा,

ख) राजिनामा दिएमा,

(ग) मानसिक संतुलन ठीक नभएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,

(ङ) पदबाट हटेमा वा मृत्यु भएमा ।

**२०. पदबाट हटाउन सक्ने** : १) पदाधिकारी, कार्यसमिति सदस्य वा परिषद्का सदस्यले यस ऐन बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्य क्षमताको अभाव भएको कारण देखाई परिषद्मा तत्काल कायम रहेका कम्तिमा एक चौथाई सदस्यले अध्यक्ष समक्ष निवेदन दिएमा सो निवेदन अध्यक्षले आफ्नो राय सहित नगर प्रमुख मा पेस गर्नु पर्ने छ ।

२) नगर प्रमुखबाट छानबीन गरी मनासिब देखिएमा नगर प्रमुखद्वारा मनोनितलाई नगर प्रमुखले र अन्यलाई कार्यपालिकाले पदबाट हटाउन सक्नेछ तर पदबाट हटाउनु अघि सफाइको मौका प्रदान गरिनेछ
३) ६ महिनासम्म वैठक बस्न नसकी समिति निश्क्रिय रहेमा प्रमुखले आवश्यक छानवीन गरी समिति विगठन गरी नयाँ समिति गठनका लागि कार्य पालिकामा प्रस्ताव पेस गर्न सक्नेछ ।
४) उपदफा (३) बमोजिमको प्रस्ताब कार्यपालिलाई मनासिव लागेमा कार्य समिति र परिषद् भंग गरी यसै ऐन बमोजिम नयाँकार्य समिति र परिषद् गठन प्रक्रिया अगाडि वढाउनु पर्ने छ ।

**२१. राजिनामा सम्बन्धी व्यवस्था :** १) अध्यक्षले नगर प्रमुख समक्ष र पदाधिकारी तथा सदस्यले अध्यक्ष मार्फत नगर प्रमुख समक्ष राजिनामा दिन सक्नेछ ।
२) अध्यक्षले पदाधिकारी वा सदस्यका राजिनामा नगर प्रमुख समक्ष पेस गर्नेछ ।
३) नगर प्रमुखले मनोनित सदस्यको राजीनामा स्वीकृत गर्नेछ ।
४) कार्यपालिकाद्वारा नियुक्त पदाधिकारी र सदस्यको राजिनामा प्रमुखले आफ्नो राय सहित कार्यपालिकामा पेस गर्ने छ ।
५) कायपालिकाले प्राप्त राजिनामाहरु स्वीकृत गर्न सक्नेछ ।

## परिच्छेद -६
## कोष तथा लेखापरीक्षण

**२२. कोष सम्बन्धी व्यवस्था :** १) प्रतिष्ठानको एउटा छुट्टै कोष रहनेछ ।
२) उपदफा( १) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् ।
(क) नगरपालिकाबाट प्राप्त रकम,
(ख) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम,
(ग) स्वदेशी संघ संस्था र व्यक्तिबाट प्राप्त रकम,
(घ) विदेशी संघ संस्था र व्यक्तिबाट प्राप्त रकम,
(ङ) व्याजबाट प्राप्त रकम,
(च) दान दातव्य तथा अन्य स्रोतबाट प्राप्त रकम ।
३) उपदफा (२) खण्ड (घ) बमोजिम रकम प्राप्त गर्ने विधि प्रचलित कानून बमोजिम हुनेछ ।
४) कोषको रकम बैंक मार्फत संचालन गरिनेछ ।
५) कोषको खाता प्रतिष्ठानको अध्यक्ष , कोषध्यक्ष वा सचिवको संयुक्त दस्तखत सञ्चालन हुनेछ ।

**२३. लेखा र लेखा परीक्षण :** १) आयव्ययको लेखा राख्ने काम प्रचलित कानून बमोजिम हुनेछ ।
२) प्रतिष्ठानको लेखापरीक्षण नगरपालिकाले गराउनेछ ।

## परिच्छेद ७
## निर्देशक समिति सम्बन्धी व्यवस्था

**२४ निर्देशक समिति.**(१) भद्रपुर नगरपालिकाको कला, साहित्य, संगीत प्रतिष्ठानले गर्ने सम्पूर्ण क्रियाकलापको अनुगमन, निरिक्षण, निर्देशन तथा मार्गदर्शन दिने जस्ता कार्य गर्न भद्रपुर

नगरपालिकामा देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ । जसमा देहाय अनुसार पदाधिकारीहरु रहने छन् ।

नगर प्रमुख : ............................................. संयोजक
नगर उपप्रमुख : ............................................ सदस्य
कार्यापालिकाले तोकेको २ जना ............................. सदस्य
शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख ....................सदस्य सचिव

(२) निर्देशक समितिका प्रमुख कार्य देहाय अनुसार हुनेछन् ।

(क) कला, साहित्य, संगीत प्रतिष्ठानको कार्ययोजनाका विषयमा निर्देशन दिने,
(ख) प्रतिष्ठानले निर्णय गरी तयार पारेका कार्यक्रमहरुको छनौटमा सहयोग र सल्लाह दिने,
(ग) प्रतिष्ठानले मागेका विषयमा राय दिने,
(घ) आवश्यकतानुसार सचिवालय र कर्मचारीको व्यवस्थापन गर्ने,
(ङ) प्रतिष्ठानले गर्ने कार्यहरुको लागि बार्षिक बजेट छुट्याउने र सोही बजेटका आधारमा रकमको व्यवस्थापन गर्ने ।
(च) प्रतिष्ठानले पेश गरेको वार्षिक प्रतिवेदनमाथी छलफल गरी कार्यन्वयनका लागि कार्यपालिका समक्ष लैजाने ।

## परिच्छेद ८

## बौद्धिक बैंक र पुस्तकालय

**२५. बौद्धिक बैंक सम्बन्धी व्यवस्था** : बौद्धिक बैंकका क्षेत्रहरु देहाय बमोजिम हुनेछन् :

१) विज्ञान र प्रविधिको खोज, अध्ययन, अनुसन्धान र व्यवहारिक प्रयोग,
२) सामाजिक मूल्य मान्यता, संस्कृति, नैतिक पक्ष, सामाजिक रुपान्तरण र पुस्तान्तरण सम्बन्धी व्यवहारिक ज्ञान र सीपको प्रयोग,
३) खाद्य पदार्थमा पाइने बिभिन्न तत्वहरु र तिनले मानव जीवनमा पार्ने प्रभाव विश्लेषण,
४) मनोविज्ञान, मनोचिकित्सा, मनोविश्लेषण, मनोपरापर्श सेवाका साथै सरल जीवन यापन सम्बन्धी खोज, अध्ययन, अनुसन्धान, प्रचार प्रसार
५) इतिहास र खगोल शास्त्र सम्बन्धी खोज, अध्ययन, अनुसन्धान, प्रचार प्रसार
७) भाषा, साहित्य, कला, मानव शास्त्र खगोल शास्त्र,हस्त रेखा तथा ज्योतिस र कानून शास्त्र सम्बन्धी खोज, उत्थान, अध्ययन अध्यापन, अनुसन्धान र प्रचार प्रसार
८) अन्य जुनसुकै विषयको खोज, अध्ययन, अनुसन्धान र सिद्धान्तको प्रतिपादन ।

**२६ बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी व्यवस्था** : बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

१) कुनै पनि ब्यक्ति वा संस्थाले यस बैंकका क्षेत्र भित्रका अनुसन्धान प्रतिवेदन वा वौद्धिक सम्पत्ति अनुसूची १ बमोजिमको आवेदन प्रतिष्ठान मार्फत नगरपालिकामा गर्न सक्ने छ ।
२) उपदफा (१) बमोजिम जम्मा भएको बौद्धिक सम्पत्ति प्रतिष्ठानले आवश्यक प्रक्रिया पूरा गरी दर्ता गर्न योग्य भए ३ महिनाभित्र दर्ता गर्न नगरपालिकामा पेश गर्ने र दर्ता गर्न योग्य नभए प्रतिष्ठानले सम्बन्धितलाई फिर्ता गर्नु पर्नेछ । नगर कार्यपालिकाको निणर्यबाट बौद्धिक सम्पति संरक्षण सम्बन्धि दर्ता हुनेछ ।

गणेश पोखरेल
नगर प्रमुख

३) उपदफा (१) र (२) बमोजिम बौद्धिक सम्पत्ति जम्मा भएपछि जम्मा गर्ने व्यक्ति वा संस्थालाई अनुसूची २ बमोजिमको प्रमाणपत्र उपलब्ध गराईने छ ।

४) उपदफा(३) बमोजिम जम्मा प्रक्रिया पूरा भएको बौद्धिक सम्पत्ति नगरपालिकामा संरक्षण गरिनेछ ।

५) उपदफा(४) बमोजिम राखिएको बौद्धिक सम्पत्ति उत्पादकको अनुमतिमा प्रचलित कानून बमोजिम नगरपालिकाले लगानी गरी बिक्री, वितरण वा प्रचार प्रसार र प्रयोगमा ल्याउने प्रवन्ध गर्न सक्नेछ ।

६) उपदफा(५)बमोजिमको कार्यबाट प्राप्त रकममध्ये उत्पादकलाई पच्चीस प्रतिशत दिइने छ र बाँकी पचहत्तर प्रतिशत प्रतिष्ठानको कोषमा जम्मा हुनेछ साथै सो सम्पत्तिमा उत्पादकको अधिकार सुरक्षित राखिने छ । उक्त रकम प्रतिष्ठान र नगरपालिकाको संयुक्त निर्णयबाट खर्च हुनेछ ।

७) यो कार्यविधि र प्रचलित कानून बमोजिम दर्ता भई नगरपालिकामा जम्मा गरिएको बौद्धिक सम्पत्ति फिर्ता लिई अन्यत्र जम्मा गर्न, बिक्री तथा वितरण गर्न पाइने छैन तर दर्ता हुनु अगावै फिर्ता लिन चाहेमा वाधा पर्ने छैन ।

२७. **बौद्धिक सम्पत्तिको सुरक्षा प्रबन्ध :** १) कुनै व्यक्ति वा संस्थाले जम्मा गरेको बौद्धिक सम्पत्ति अरुले चोर्न, नक्कल गर्न वा आफ्नो हो भनी दाबी गर्न पाउने छैन । यदि कसैले अरुको उत्पादन आफ्नो भनी चोरी दाखिला गरेको रहेछ भने सो प्रमाणित भएमा सो सम्पत्ति सम्बन्धित व्यक्ति वा संस्थालाई फिर्ता गरी निज चोरी गर्नेलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

२) यस बैंक मार्फत नगरपालिकामा जम्मा भएको बौद्धिक सम्पत्ति प्रतिष्ठानको स्वीकृति बिना अन्यत्र लैजान, प्रचारप्रसार गर्न वा बिक्री गर्न पाइने छैन ।

(३) भाषा साहित्य कला, संगीतका क्षेत्रमा विज्ञ व्यक्तिको उत्पादनका लागि प्रतिष्ठानले उत्प्रेरक भूमिका निर्वाह गरी प्रत्येक वर्ष नगरपालिकाको योजना अनुसार विविध भाषा र संस्कृतिको विविध प्रतियोगिताहरु आयोजना गरी नवप्रतिभाको उत्पादन, विकास र प्रचारप्रसारमा सहयोग गर्नेछ ।

## परिच्छेद-९

## पुस्तकालय संचालन व्यवस्था

२८. **संचालनको जिम्मा दिन सकिने :** (१) भद्रपुर नगरपालिकाको निर्णय बमोजिम कुनै पुस्कालयको स्थापना, संचालन र व्यवस्थापन गर्न कला , साहित्य तथा संगित प्रतिष्ठानलाई दिन सकिनेछ ।

(२). नगरकार्यपालिकाको स्वीकृति लिई प्रज्ञा प्रतिष्ठानले विद्युतिय पुस्तकालय (E-library) संचालन गर्न सक्नेछ ।

(३) प्रस्तुत ऐन बमोजिम पुस्तकालय सम्बन्धि संचालन व्यवस्था र आवश्यक कार्यविधि, निर्दीशका, मापदण्ड बनाई लागु गर्न सकिनेछ । यस्तो कार्यविधि, निर्देशिका, मापदण्ड कार्यपालिकाबाट स्वीकृत गर्नु पर्नेछ ।

## परिच्छेद-१०
## कृति लेखन र पुरस्कार

२९. **पुरस्कार सम्बन्धी व्यवस्था** : १) भद्रपुर नगरपालिकाको निर्देशनमा प्रतिष्ठानले निर्णय गरी समुचित लेखनवृत्ति दिएर कृति लेखन कार्य गराउन सक्नेछ ।

२)यस्तो कार्यबाट प्रेरित स्रष्टा, संस्था वा कृतिलाई पुरस्कृत गर्न सकिनेछ ।

३) पुरस्कार सम्बन्धी व्यवस्था प्रतिष्ठानको सिफारिसमा नगरपालिकाले तोकेबमोजिम नाम र रकम हुनेछ ।

४) पुरस्कृत हुने ब्यक्ति, संस्था वा कृतिलाई नगरपालिकाले तोकेको मितिमा घोषणा र पुरस्कृत गरिनेछ ।

५) कुनै बिधामा पुरस्कार स्थगित गर्नु वा बिधा परिवर्तन गरी पुरस्कृत गर्नु पर्ने भएमा उचित कारण सहित प्रतिष्ठान र नगरपालिकाले निर्णय गर्नेछ ।।

६) छनौटको मापदण्ड प्रतिष्ठानले निर्धारण गरे बमोजिम हुने छ ।

७) उपदफा (३) बमोजिमका पुरस्कारहरुको रकममा प्रचलित कानून बमोजिम लाग्ने करकट्टा गरी प्रदान गरिने छ ।

## परिच्छेद-११
## छनोट समिति सम्बन्धी व्यवस्था

३०. **छनोट समिति** : १) प्रतिभा वा कृति लेखनका विभिन्न विधामा पुरस्कार वितरणका लागि तोकिएको क्षेत्र तथा मापदण्ड भित्रका स्रष्टा, संस्था तथा कृति छनोटका लागि देहाय बमोजिमको समिति गठन गरिने छ :

(क) प्रतिष्ठानका अध्यक्ष - संयोजक

(ख) कार्यसमिति सदस्य मध्येबाट प्रतिष्ठानले तोकेको २ जना- सदस्य

(ग) नगर उपप्रमुख -सदस्य

(घ) प्रतिष्ठानले तोकेको विषय विज्ञ - सदस्य

(ङ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

२.संयोजकले आवश्यकतानुसार छनोट समितिको वैठकमा सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रित गर्न सक्नेछ ।

३१ .**कोष परिचालन** : १) भद्रपुर नगरपालिका कला, साहित्य तथा संगीत प्रज्ञा प्रतिष्ठानको छुट्टै कोष हुनेछ । कोषको रकम नगरपालिकाले सिफारिस गरी तोकिएको बैंकमा खाता खोली संचालन हुनेछ ।

२) कोषको परिचालन देहाय वमोजिम गरिने छ ।

(क) संस्थाको दैनिक कार्य संचालन,

(ख) सम्मान र पुरस्कार,

(ग) पुस्तकालय विकास र संचालन,

(घ) संस्थाका अन्य आवश्यक गतिविधि र कार्यक्रम,

२) **प्रतिष्ठानको सिफारिसमा** नगरपालिकाबाट कार्यक्रम अनुसार कोष परिचालन गरिने छ ।

३) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन नगरपालिकामा पेस गर्नु पर्नेछ ।

४) कोषको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

**३२. पदाधिकारी र कर्मचारीको व्यवस्था** : १) संस्थाको अध्यक्ष नै कार्यकारी प्रमुख हुनेछ र कार्यकारी प्रमुखको सेवा सुविधा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२) संस्था संचालनका लागि आवश्यक कर्मचारीको व्यवस्था नगरपालिकाले गर्नेछ ।

## परिच्छेद -१२
## विविध

**३३ संरक्षक सम्बन्धी व्यवस्था** : नगर प्रमुख संस्थाको संरक्षक रहने छ ।

**३४. कर्मचारी सम्बन्धी व्यवस्था :१)** प्रतिष्ठानमा आवश्यकता अनुसार कर्मचारीहरू रहनेछ ।

२) उपदफा (१) बमोजिमको कर्मचारीको नियुक्ति भद्रपुर नगरपालिकाले गर्नेछ र पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**३५ . शपथ सम्बन्धी व्यवस्था** : १) आफ्नो पदभार ग्रहण गर्नु अघि पदाधिकारी र सदस्यहरूले **अनुसूची-१** बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

२) कार्य समितिका अध्यक्षले प्रमुखबाट शपथ लिनु पर्नेछ ।

३) अन्य पदाधिकारी र सदस्यहरूले प्रमुखको उपस्थितिमा अध्यक्षबाट शपथ लिनु पर्नेछ ।

**३६. प्रतीक चिन्ह र छाप** : प्रतिष्ठानको प्रतीक चिन्ह र छाप अनुसूची : २ बमोजिमको हुनेछ ।

**३७. नियम बनाउने अधिकार** : १) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले नियम, कार्यविधि निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

२) समितिले आफ्नो आचार संहिता आफैं बनाई लागू गर्न सक्ने छ ।

**३८. खारेजी र बचाउ** : १) २) यो ऐनलागू हुनु अघि भए गरेको काम यसै बमोजिम भए गरेको मानिने छ

अनुसूची १

दफा ३५ को उपदफा (१) सँग सम्बधित

शपथ

म सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि “भद्रपुर नगरपालिकाको कला, साहित्य तथा संगित प्रज्ञा प्रतिष्ठान संचालन ऐन, २०८० बमोजिम...................... पदमा म श्री ......................................लाई दिएको जिम्मेवारी इमान्दारी पूर्वक पूरा गर्नेछु । भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान तथा प्रविधिको सृजना, संरक्षण, सम्बर्द्धन, संकलन र श्रीवृद्धिका लागि तन, मन र वचनले दत्तचित्त भई कुनै भेदभाव, लोभलालच तथा मोलाहिजा नगरी कसैको प्रभावमा नपरी आफ्नो क्षेत्रमा नगर र नगरबासीको सेवाका लागि आफ्नो अमूल्य समय र शक्ति समर्पित गर्नेछु ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका


नाम थर :
पद :
दस्तखत :
मिति :

## अनुसूची २
### (दफा ३६ सँग सम्बन्धित)
### संस्थाको छाप र चिन्ह

१. गोलाकार चिन्ह भित्र षट्कोण,

२. गोलाकार चिन्ह भित्र षट्कोण, गोलाकार चिन्हको माथिल्लो आधा भागमा नेपाली भाषामा, “भद्रपुर नगरपालिकाको कला, साहित्य तथा संगित प्रज्ञा प्रतिष्ठान, स्थापना २०८०, लेखिएको हुनेछ ।

४. षट्कोणको बिचमा खुला किताव अंकित हुनेछ ।



आज्ञाले

सुनिल निरौला

प्रमुख प्रशासकीय अधिकृत